२२८।०७८।३।२३	उर्लेनी दह दोमै मोटरबाटो उपभोक्ता समिति	१०००००	एक्साभेटर	७२३२८
२२७।०७८।३।२३	ग्रामिण सडक मर्मत उपभोक्ता समिति	१९००००	एक्साभेटर	१०९४८०।
३६७।०७८।३।३१	वडा नं. ३ मोटरबाटो मर्मत उपभोक्ता समिति	२०००००	एक्साभेटर	११६८७४।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४.२			**जटिलसंरचना निर्माण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	भुक्तानी
११८।०७८।१२।२९	वडा कार्यालय भवननिर्माण उपभोक्ता समिति	१००००००
११२।०७७।१२।२६	वडा ५ कार्यालय भवन निर्माण उपभोक्ता समिति	५०००००
१६३।०७८।३।३०	चेक्मी आधारभूत स्वास्थ्य केन्द्र तलथप उपभोक्ता समिति	१००००००
३४६।०७८।३।३०	जनसहयोग मा.वि. भवन मर्मत उपभोक्ता समिति	१००००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम
कार्यक्रम निकासा र रोक्काः कार्यक्रम अन्तरगत विद्यालयहरुलाई निकासा गर्दा खर्च पुष्टि गर्ने बील भरपाई र प्रमाण कागजात संलग्न गरेको हुनु पर्दछ । कार्यालयले देहायका विद्यालयहरुलाई विज्ञान प्रयोगशाला सुदृढीकरण तथा भौतिक पूर्वाधार सुधारसम्बन्धी निर्माण कार्यकालागी निकासा दिएकोमा निकासा पश्चात बैंकमा खाता रोक्का राखेको देखियो । अतः खर्च पुष्टि हुने बील भरपाई बेगर खर्च लेखेकोले कार्य सम्पन्न प्रतिवेदन, नापी किताव तथा बिद्यालयको लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्ने देखिएको रु
<table>
<tr><th>सिन</th><th>विद्यालयको नाम</th><th>निकासा रु</th></tr>
<tr><td>1</td><td>महेन्द्र माध्यामिक विद्यालय</td><td>६५००००</td></tr>
<tr><td>2</td><td>उपल्लो तम्घास मा वि</td><td>२५०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३१५००००</td></tr>
</table></td><td>३,१५०,०००</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कोभिड विशेष कृषि कार्यक्रम</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>कार्यक्रम खर्चः कोभिडको महामारीका कारण कृषि क्षेत्रमा परेको प्रभाव न्यूनीकरणकालागी ग्रामिण रोजगारी सिर्जना र आय आर्जनमा सघाउने उद्बेश्यले प्रदेश सरकारले कोभिड विशेष कृषि कार्यक्रम सन्चालन गर्न स्थानीय तहलाइ सशर्त अनुदानमा बजेट व्यवस्था गरि साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान, कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रिमा अनुदान, एक स्थानीय तह एक उत्पादन कार्यक्रम र कृषि पशुपन्छी अधिकृत जनशक्ति सेवा करार कार्यक्रम स्थानीय तहबाट गराउने उद्बेश्यले स्थानीय तह मार्फत सन्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ कार्यान्वयनमा रहेको देखियो ।
यस कार्यक्रम अन्तरगत एक स्थानीय तह एक उत्पाद न कार्यक्रममा रु १७ लाख, विदेशबाट फर्किएका युवाहरुलाई उत्पादन सामाग्रीमा अनुदान रु २० लाख र साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदानतर्फ विनियोजन रु १७ लाख ५० हजारसमेत विनियोजन रु ५४ लाख ५० हजार भएकोमा क्रमशः रु १२,४०,०००।- , रु २०,००,०००।- र रु १७,५०,०००।- समेत रु ४९,९०,०००।- (९१.५६ प्रतिशत) खर्च गरेकोमा देहायका व्यहोराहरु देखिएका छन् ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६.२			**कोभिड प्रभावित लक्षित वर्गलाई अनुदानः** स्थानियतह मार्फत सन्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को नियम १९ को उपनियम ६ अनुसार परिवारको कुनै पनि सदस्य बैदेशिक रोजगारमा नभएको नेपाल भित्र सरकारी अर्ध सरकारी वा निजी क्षेत्रमा रोजगारमा नभएको र स्वरोजगारबाट मासिक आय रु १० हजार भन्दा बढी नभएको र हालैको कोभिडको कारण विदेशबाट फर्केको परिवारको प्रति परिवार १ जना भन्दा बढी नहुने गरी स्थानीय तहले प्राथमिकता दिनु पर्ने व्यवस्था छ । त्यस अनुसार कार्यालयले कार्यक्रम अन्तरगत कोभिड प्रभावित भई विदेशबाट फर्किएका कृषकहरुलाई उत्पादन सामाग्रीमा दिईने अनुदान सम्बन्धीत लक्षित वर्गले पाएको हुनु पर्दछ । कार्यक्रम अन्तरगत १०० युवाहरुलाई रु २० लाखअनुदान दिएको मध्ये ४० जना भारत, ५ जना कुवेत, १८ जना कतार, १६ जना दुवई, १० जना साउदी, ५ जना मलेशिया, १ जना टर्की, २ जना कोरिया र २ जना कतै पनि नगएको विवरणबाट देखियो । भारत गएका ४० जना युवाहरु भारत गएर काम गरेको वा गए आएको कुनै प्रमाण देखिएन । पासपोर्ट न ०८३४४८६५ का ऋषिराम कुँवर २०१८ अक्टोवर २० मा नै फर्किएका, पासपोर्ट न ०७०१८६६९ का केशव गौतम २०१७।२।११ मा कतार गई २ वर्ष अवधि पुरा गरी २०१९।२।११ मा फर्किएको देखियो । पासपोर्ट न ०६८५०६०२ का खिम बहादुर कुँवर र ०५७५५५९३ का गोपाल थापा क्षेत्री कतार, पासपोर्ट न ०७७४८००४ का छविलाल पाण्डे कुवेत, ०९९१८००५ का तारा बहादुर बस्नेत दुबई, ०९१४४८८६ का विष्णु नेपाली साउदी, ०६११०५०६ का भरत मरासिनी साउदी, ०७९१४१३५ का रमेश सुनारकतार र ०६०३५९१४ का हुम बहादुर श्रीस दुबई गए आएको भनेतापनि कुनै प्रमाण देखिएन । मनोज राकसकोटी दुबई गएर फर्किएको उल्लेख गरेकोमा निजको पासपोर्ट नै देखिएन । कार्यालयले उल्लिखित आधारमा अनुदान दिएकोले विदेशबाट फर्किएका वास्तविक लक्षित वर्गले अनुदान पाउन सकेको अवस्था देखिएन । अतः यसमा सुधार गरिनु पर्दछ ।	
१६.३			**कार्यक्रमको दिगोपना र निरन्तरता :** कार्यालयद्वारा सन्चालित कार्यक्रमहरु निरन्तर र प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनु पर्दछ । एक स्थानीय तह एक उत्पादन कार्यक्रममा रु १७ लाख, विदेशबाट फर्किएका युवाहरुलाई उत्पादन सामाग्रीमा अनुदान रु २० लाख र साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदानतर्फ विनियोजन रु १७ लाख ५० हजारसमेत विनियोजन रु ५४ लाख ५० हजार भएकोमा एक स्थानीय तह एक उत्पादनमा रु १२,४०,०००।- उत्पादन सामाग्री अनुदानमा १०० जनालाई रु २०,००,०००।- र यन्त्र उपकरणमा मिनी टिलर रु १७,४०,०००।- समेत रु ४९,९०,०००।- खर्च गरेको देखियो । तर कार्यक्रमको निरन्तरता र दिगोपना हुने गरी कार्यान्वयन गरेको देखिएन । अत: अनुदान कार्यक्रमको दिगोपना र निरन्तरता हुनेगरि प्रभावकारी बनाइनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६.४			**अनुगमन मूल्याङ्कन र सम्झौता कार्यान्वनयः** यसमा निम्न अवस्था देखियो । **क) अनुगमन र मूल्यांकनः** उक्त कार्यविधिको दफा ६(३) अनुसार स्थानीय तहले कार्यक्रम सन्चालनकोलागी आवश्यक प्राविधिक सहयोग र अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने गराउने व्यवस्था छ । त्यस्तै सोही कार्यविधिको दफा ११ मा मा सम्बन्धित स्थानीय तहले कार्यक्रम सन्चालन र सम्पन्न भए पश्चात अनुगमन तथा मूल्याङ्कन र उपलब्धी मापन गरि प्रतिवेदन गर्नुपर्ने, चौमासिक र वार्षिक रुपमा कार्यक्रमको प्रगति विवरण तयार गरि मन्त्रालयमा पेश गर्नु पर्ने, कार्यक्रमको निरिक्षण, अनुगमन तथा मूल्याङ्कन कार्य प्रदेश सभाको विषयगत विषयगत समिति तथा सम्बन्धित क्षेत्रका माननीय सदस्यहरु, मन्त्रालय, निर्देशनालय र मातहत कार्यालयबाट समेत गरिने र यस बमोजिम निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गरि दिएको निर्देशनको अनुदानग्राही र स्थानीय तहले पालना गर्नु पर्ने व्यवस्था रहेको छ । तर त्यस अनुसार कार्यक्रमको निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गरेको देखिएन । अतः निर्देशिका अनुसार कार्यक्रमको अनुगमन मूल्याङ्कन गरि कार्यक्रमलाई प्रभावकारी बनाईनु पर्दछ । **ख) सम्झौता कार्यान्वयन र अनुगमनः** कार्यालयले अनुदानग्राहीसंग गरेको सम्झौताका शर्तहरुको कार्यान्वयन पूर्णतः कार्यान्वयन भएको हुनु पर्दछ । अनुदानग्राहीसंगको सम्झौतामा अनुदानग्राहीले नियमित रुपमा प्रगति विवरण लागयत तथ्यांङ्कहरु अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । तर अनुदानग्राहीहरुले त्यस अनुसार तथ्याङ्क तथा प्रगति विवरणहरु पेश गर्ने गरेको देखिएन र कार्यालयलेसमेत त्यस अनुसार माग तथा अनुगमन गर्ने र अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।	
१६.५	२१	२०७८-३-२८	बढी खर्चः कार्यालयले ५० प्रतिशत अनुदानमा साना कृषि औजार तथा यन्त्र उपकरण वितरणकालागी लक्ष्मी एग्रो सप्लायर्सको २ वटा विल अनुसार रु ३४,६५,५८३।- को उपकरणहरु खरिद गरेको मध्ये अनुदानग्राही कृषकहरुले रु १७,३२,७९१।- पालिकाको खातामा जम्मा गरेको र कार्यक्रमबाट रु १७,३२,७९१।- मात्र खर्च लेख्नुपर्नेमा रु १७,५०,०००।- खर्च लेखि बढी खर्च लेखेको रु १७,२०८।- पालिकाको खातामा रहेकोले उक्त रकम संघिय सन्चित कोष दाखिला गरेको प्रमाण प्रमाण पेश गर्नु रु	१७,२०८
१७			**मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम**	
१७.१			**बजेट र खर्चः** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तरगत कार्यक्रम सन्चालनकालागि पूँजीगततर्फ रु ३५ लाख ५० हजार, चालुतर्फ रु २४ लाख ५० हजार समेत विनियोजन रु ७० लाख भएकोमा खर्च रु ६९ लाख ७५ हजार भएको देखिएको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.२			**कृषकहरुलाई अनुदानः** कार्यक्रम अन्तरगत ५० प्रतिशत मूल्य अनुदानमा उपकरण तथा प्रविधि हस्तान्तरण अनुदान भुक्तानी गरेकोमा निम्न व्यहोराहरु देखिएका देखिएका छन् । **क)** कार्यक्रम अन्तरगत भौ न १३-२०७८।३।२५ बाट मागमा आधारित ५० प्रतिशत लागत सहभागीतामा प्रविधि हस्तान्तरण अन्तरगत जयराम हार्डवेयर सेन्टरको विजक न १०९६-२०७८।३।११ बाट ९७ वटा पानी टैंकी मु अ कर समेत रु ४,९३,२४५।- मा खरिद गरि अनुगदान ग्राहिहरुलाई वितरण गर्दा कृषकबाट संकलित ५० प्रतिशत रु २,४६,६२२।५० घटाई कार्यक्रमबाट सोही बरावरको रकम खर्च लेख्नुपर्नेमा सबै रु ४,९३,२४५।- कार्यक्रमबाट खर्च लेखि कृषकबाट संकलिल २,४६,६२२।५० पालिकाको खातामा दाखिला गरेकोले उक्त रकम संघिय सन्चित कोष दाखिखा गरेको प्रमाण पेश गर्नुपर्ने रु **ख)** कार्यक्रम अन्तरगत भौ न १७-२०७८।३।३० बाट मागमा आधारित ५० प्रतिशत लागत सहभागीतामा प्रविधि हस्तान्तरण अन्तरगत लक्ष्मी एग्रोभेट सेन्टरको विजक न २५२-२०७८।३।३० बाट ८ वटा मिनि टीलरको रु ४,५६,०००।- मा खरिद गरि अनुगदान ग्राहिहरुलाई वितरण गर्दा कृषकबाट संकलित ५० प्रतिशत रु २,२८,०००।- घटाई कार्यक्रमबाट सोही बरावरको रकम खर्च लेख्नुपर्नेमा सबै रु ४,५६,०००।- कार्यक्रमबाट खर्च लेखि कृषकबाट संकलिल रु २,२८,०००।- पालिकाको खातामा दाखिला गरेकोले उक्त रकम संघिय सन्चित कोष दाखिखा गरेको प्रमाण पेश गर्नुपर्ने रु	४७४,६२२.५
१७.३	८	२०७८-३-१५	**एग्रो फरेष्ट्रि पोलिटेक्निक ईन्स्टिच्यूः** उक्त ईन्स्टिच्यूबाट प्लम्बिङ् तालीम तथ पशु स्वास्थ सम्बन्धी तालिम सन्चालन गरेकोमा देहायका व्यहोराहरु देखिएका छन् । **क)प्लम्बिङ्ग तथा पशु स्वास्थ्य तालिमका सहभागीः** कार्यालयले कार्यक्रम अन्तरगत प्लम्बिङ्ग तालीम र पशु स्वस्थ्य सम्बन्धी तालीम २०/२० जना सहभागीहरुलाई प्रशिक्षण दिनेगरि एग्रो फरेष्ट्र पोलिटेक्नीक इन्स्टिच्यूटसंग तालिम र सीप परिक्षणसमेत प्रति विद्यार्थी रु २४,१९०।- लाग्ने गरि २०७७।१०।११ मा सम्झौता गरेको देखियो । सम्झौताको दफा ४ मा तालिम र सीप परीक्षण समेत गरि प्रति विद्यार्थी रु २४,१९०।- (सीप परीक्षण बाहेक रु २० हजार) का दरले सहभागी प्रशिक्षार्थी संख्याको आधारमा रकम उपलब्ध गराउनु पर्ने र यसमा प्रशिक्षार्थीको खाजा खर्च र हल भाडा समावेश उल्लेख छ । कार्यक्रमको प्रगति विवरण अनुसार प्लम्विङ्ग तालिममा १९ पुरुष र पशु सेवा तालिममा ९ महिला र ९ पुरुष गरी १८ जनासमेत ३७ जना प्रशिक्षार्थी सहभागी भएकोमा ४० जना सहभागीको रु ४ लाख भुक्तानी गरेको देखियो । अतः तालिममा सहभागी नभएका ३ जनाको समेत तालिम भत्ता रु ६० हजार असुल गर्नुपर्ने देखिएको रु **ख)प्रतिवेदनः** सम्झौताको दफा ९ मा तालिम शुरु भएकव १ महिनामा इन्स्टिच्यूटले मध्यम कालिन प्रतिवेदन तथा तालिम सम्पन्न भएपछि अन्तिम प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था रहेकोमा पालिकामा प्रतिवेदन बुझाएको देखिएन । कार्यालयलेसमेत त्यस तर्फ ध्यान दिनु जरुरी देखिन्छ ।	६०,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.४			**अनुगमन मूल्याङ्कन र कार्यक्रमको दिगोपनाः** यसमा देहायको अवस्था देखिएको छ । **क) कार्यक्रमको दिगोपनाः** कार्यालयले सन्चालन गरेका कार्यक्रमहरुको निरन्तरता र दिगोपना रहेको हुनु पर्दछ । कार्यक्रम अन्तरगत सन्चालित क्रियाकलापहरुको निरन्तरता र दिगोपना रहेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । **ख) अनुगमन तथा मूल्याङ्कनः** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सन्चालन कार्यविधि, २०७५ को दफा २.१ मा निर्देशक समितिले आफ्नो स्थानीय तहमा सन्चालित कार्यक्रम वा परियोजना स्वीकृत कार्यक्रम अनुसार कार्यान्वयन भए नभएको अनुगमन गरी त्यसको प्रतिवेदन स्थानीय तहमा दिनु पर्ने र अनुगमनको मासिक प्रतिवेदन व्यवस्थापन समिति र समन्वय इकाइमा पठाउनु पर्ने व्यवस्था रहेको छ । तर त्यस अनुसार अनुगमन प्रतिवेदन बनाएको छैन र बार्षिक खरिद योजना तयार गरेको पनि देखिएन । बार्षिक प्रगति प्रतिवेदन तयार नगरेकोले भौतिक र आर्थिक प्रगतिको विश्लेषण गर्न सकिएन । यसमा सुधार गरिनु पर्दछ ।	
१८			**सुरक्षित नागरिक आवाश कार्यक्रम**	
१८.१			**निकासा र खर्चः** गरिवीको रेखामूनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका विपन्न परिवारहरुले सुरक्षित र वातावरणमैत्री आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदकोलागी र पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास निर्माणकालागी यो कार्यक्रम लागु भएको छ । कार्यक्रम कार्यान्वयनकालागी शहरी विकास भवन निर्माण विभागद्वारा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ जारी गरेको छ । यस पालिकाले यो वर्ष कार्यक्रम कार्यन्वयनकालागी बजेट रु २९ लाख १० हजार रहेकोमा खर्च रु ११ लाख ७० हजार खर्च लेखेकोमा देहायको व्यहोराहरु देखिएका छन् ।	
१८.२			**सुविधाः** कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८.३			**किस्ता भुक्तानी:** कार्यविधिको दफा ५ को उपदफा ४, ७ र ८ अनुसार सम्झौता भएपछि अनुदान दिइने रु ५० हजारको पहिलो किस्ता ६० प्रतिशत रकम उपलब्ध गराईने र सो रकमबाट जस्तापाता,काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य अघि बटाउनु पर्ने र उक्त रकमबाट जस्तापाता र काठ लागायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी प्राविधकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्तावापत ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । तर पालिकाले ३७ जना लाभग्राहीलाई भौ न १६९-२०७८।३।२० बाट३३ जनालाई रु ३०,०००/- का दरले पहिलो किस्ता रु ९,९०,०००।- र भौ न १८८-२०७८।३।२४ बाट ४ जनालाई रु १,२०,०००।- अनुदान दिएकोमा आर्थिक वर्षको अन्तसम्म पनि कार्य सम्पन्न नगरेकोले अन्य कार्यमा खर्च भई घर नबन्ने जोखिम बढेको देखियो । अतः कार्यसम्पन्न प्रतिवेदन र प्राविधिको मूल्याङ्कन पेश गर्नुपर्ने देखिएको रु	१,११०,०००
१८.४			**कार्य प्रगति:** कार्यविधिको दफा ६ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन प्रयोजनकालागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नु पर्ने प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्ने व्यवस्था छ । तर पालिकाले आषाढ महिनाको अन्तमा कार्य प्रगतिको आधार नलिई किस्तामा अनुदान दिएको देखियो । अत कार्यविधिको अनुशरण गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ ।	
१९			**स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम**	
१९.१			**कार्यक्रम खर्चः** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगत यो वर्ष विनियोजन रु ६९ लाख भएकोमा खर्च रु ५०५४६६१।७६ गरेको देखियो । यसमा देहायको व्यहोराहरु देखिएका छन् ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९.२			**योजना छनौटः** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सन्चालन कार्यविधि) नियमावली, २०७७ को नियम १० को उपनियम ६ मा एक निर्वाचन क्षेत्रमा एक आर्थिक वर्षमा न्यूनतम रु १० लाख रुपैंयाँ लागत अनुमान भएका बढीमा ३० वटा मात्र छनौट गर्न सकिने उल्लेख भएकोले रु १० लाख भन्दा कमको योजना छनौट गर्न नसकिने व्यवस्था छ । तर जिल्ला समन्वय समितिको योजना छनौट समितिले अन्य योजनामा जोडेर (१) तम्घास थान मन्दिर भवन निर्माणको रु १० लाखमा पंधेरे खोला काउले मालिका मोटराबटो रु ५ लाख जोडेर १५ लाख, (२) घोर्ले मा वि को कम्पाउण्डवाल निर्माण रु ८ लाख र सेलटाकुरा कुसादी उलेनी मोटरबाटो रु ७ लाख जोडेर १५ लाख, (३) हरि पाण्डको घरदेखि भूजेल खर्क अंगुरकोट जानेबाटो रु ७ लाख र चैतेनेटा उकालो मोटरबाटो रु ८ लाख गरि रु १५ लाख छनौट गरेकोले रु छ लाखको १ योजना, रु ८ लाखको २ योजना र रु ७ लाखको २ योजना गरि ५ वटा योजना रु १० लाख भन्दा घटी हुनेगरी योजना छनैट गरी कार्यान्वियन गरेकोले नियमसम्मत देखिएन । यसरी योजना छनौट गर्ने कार्यमा सुधार गरिनु पर्दछ ।	
१९.३			**कार्यक्रम अनुगमन र सार्वजनिक परीक्षणः** यसमा देहायका व्यहोराहरु देखिएका छन् । **क) आयोजना अनुगमनः** नियमावलीको नियम १५ अनुसार आयोजनाको अनुगमन गरि स्थानीय तहलाई नियमित रुपमा प्रतिवेदन दिनु पर्ने व्यवस्था भएकोमा सन्चालित योजनाको अनुगमन गरि प्रतिवेदन दिने र पृष्ठ पोषणको कार्यहरु हुने गरेको देखिएन । अतः यसमा सुधार गरिनु पर्दछ । **ख) सार्जनिक परिक्षणः** नियमावलीको नियम १६ मा नियमावली बमोजिम सन्चालित कार्यक्रमहरु प्रभावकारी बनाउन स्थानीय तहले प्रचलित कानून बमोजिम सार्वजनिक परीक्षणका विधि अवलम्बन गरि सार्वजनिक परीक्षण गर्नु पर्ने व्यवस्था छ । कार्यक्रम अन्तरगत उपभोक्ता समितिहरु मार्फत विभिन्न कार्यक्रम कार्यान्वियन गरि रु ५५ लाख खर्च गरेकोमा सार्वजनिक परीक्षण गरेको देखिएन । अतः नियमावलीको व्यवस्था अनुसार सार्वजनिक परीक्षण गरी कार्यक्रम कार्यान्वियनलाई प्रभावकारी बनाइनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td>२०७९-१-१०</td><td>सामाजिक सुरक्षा भत्ता
सामाजिक सुरक्षा भत्ता वितरण निर्देशिका २०७७ को दफा १५ मा भत्ता पाइरहेको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउंपालिकाले सनराइज बैंक मार्फत भत्ता भूक्तानी गरेकोमा मृत्यु भैसके पछिको समेत भुक्तानी भएको देखिएकोले सो रकम बैकबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>वडा नं.</th><th>लाभग्राही किसिम</th><th>नाम</th><th>ना. प्र.प.नं</th><th>मृत्यु मिति</th><th>विवरण</th><th>वढी भुक्तानी रकम</th></tr>
<tr><td>१०</td><td>जेष्ठ नागरीक</td><td>मनकला थापा</td><td>१७६</td><td>२०७७।१०।२९</td><td>दोश्रो चौमासिक</td><td>३०००</td></tr>
<tr><td>१०</td><td>जेष्ठ नागरीक</td><td>मनरुपा अर्याल</td><td>१२१७९</td><td>२०७८।२।५</td><td>तेश्रो चौमासिक</td><td>५५००</td></tr>
<tr><td>१०</td><td>जेष्ठ नागरीक</td><td>खिमकला जोगी कुंवर</td><td>१२३९२</td><td>२०७८।२।२४</td><td>तश्रो चौमासिक</td><td>३६००</td></tr>
<tr><td>१०</td><td>जेष्ठ नागरीक</td><td>शिवलाल पाण्डे</td><td>१०३१</td><td>२०७८।२।१९</td><td>तेश्रो चौमासिक</td><td>४१००</td></tr>
<tr><td>१०</td><td>जेष्ठ नागरीक</td><td>नैनी जोगी कुंवर</td><td>५४९</td><td>२०७७।१०।१०</td><td>दोश्रो चौमासिक</td><td>५०००</td></tr>
<tr><td>१०</td><td>जेष्ठ नागरीक</td><td>पुनकला कामी</td><td>११७०८</td><td>२०७८।२।१</td><td>तेश्रो चौमासिक</td><td>५९००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२७१००</td></tr>
</table></td><td>२७,१००</td></tr>
<tr><td>२१</td><td>१८७</td><td>२०७८-३-२४</td><td>स्यानिटरी प्याड
स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को परिच्छेद ३ को दफा ५ मा विद्यालषले आफ्ना छात्राहको संख्याका आधारमा आवश्यक स्यानिटरी प्याड माग गरी स्थानिय तहमा पठाउनु पर्ने र माग भएको संख्यालाई शिक्षा शाखाले स्थानिय तहमा भएको इ आइ एम एस तथ्यांकसंग भिडाई आवश्यक हुने स्यानिटरी प्याड उपलव्ध गराउनु पर्ने तथा प्रत्येक विद्यालयलाई उपलव्ध गराएको स्यानिटरी अभिलेख अलग रुपमा राख्नु पर्ने व्यवस्था छ । पालिकाले उक्त अभिलेख नराखी रु. ८५९५५७।- मा ३०५०० पाकेट स्यानिटरी प्याड खरिद गरि भुक्तानी तथा जिन्सीमा खर्च जनाएकोमा विद्यालयगत तथ्यांक तथा प्रत्येक विद्यालयले बुझेको भरपाई पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु .</td><td>८५९,५५७</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>निःशुल्क पाठ्यपुस्तक वितरण</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२.१			**पाठ्यपुस्तक वितरणः** कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क वितरण गर्ने नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पुस्तक सम्बन्धित विद्यार्थीहरुले प्राप्त गरेको हुनु पर्दछ । पालिका क्षेत्रभित्र पालिकाले पाठ्यपुस्तक निकासा दिनुपर्ने ३१ वटा विद्यालयहरुकालागी यो वर्ष बजेट रु ३२,०९,०००।- भएकोमा निकासा खर्च रु ३१,३५,५५९/९१ गरेको देखियो । यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
२२.२			**कार्यक्रम कार्यान्वयनः** कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क वितरण गर्ने नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पुस्तक सम्बन्धित विद्यार्थीहरुले प्राप्त गरेको हुनु पर्दछ । शिक्षा तथा मानवश्रोत विकास केन्द्रंबाट प्रकाशित आ व २०७७।७८ को कार्यक्रम कार्यान्वयन पुस्तिकामा कृयाकलाप न ३.१ मा उल्लिखि व्यवस्था कार्यान्वयनमा देहायको अवस्था देखिएकोले सुधार गरिनु पर्दछ । । १ IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यपित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्पुस्तकको संख्या यकिन गर्ने उल्लेख भएकोमा त्यस अनुसार अभिलेख अद्यावधिक गराएको देखिएन । २ यकिन संख्याको आधारमा दोश्रो चद्यमासिकमा विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिंदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र २०७८ बैसाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरि नपुग रकम मात्र थप अनुदान दिने व्यवस्था रहेकोमा त्यस अनुसार हुने गरेको देखिएन । ३ विद्यार्थीले शैक्षिक सत्रको शुरुमै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहबाट गर्नु पर्ने व्यवस्था रहेकोमा अनुगमन गर्ने गरेको देखिएन ।	
२२.३			**पाठ्यपुस्तकमा बढी निकासाः** कार्यालयले विद्यालयहरुलाई निशुल्क पाठ्यपुस्तकको रकम निकासा गर्दा यथार्थ खर्चको आधारमा निकासा दिएको हुनु पर्दछ । कार्यालयले विद्यालयहरु लाई निशुल्क पाठ्यपुस्तकको रकम निकासा गरेको ३१ वटा मध्ये ७ विद्यालयको विवरण तथा बील भरपाई परिक्षण गर्दा ६ वटा विद्यालयहरुलाई बढी निकासा दिएको देखियो । यस्तै अन्य विद्यालयहरुमासमेत बढी निकासा दिएको हुनसक्ने भएकोले कार्यालय स्वयमले यकिन गरि बढी निकासा दिएको रकम असुल गर्नु पर्दछ । साथै अनुसूची-१ बमोजिम सिद्धबाबा मा वि समेत ६ वटा विद्यालयहरुलाई बढि निकासा दिएको रु १,२१,९२१।- असुल गर्नु पर्ने देखिएको रु	१२१,९२१
२३			**नगरपालिका चालु थप**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३.१	५७९	२०७८-३-३०	**नयाँ बहुउद्देश्यीय नर्सरी व्यवस्थापन खर्च र उपयोगः** कार्यालयले नयाँ बहुउद्देश्यीय नर्सरी व्यवस्थापन (एक वडा एक नर्सरी) कार्यक्रम अन्तरगत प्रतेक वडाका १४ कृषकलाई रु ५० हजारले रु ७ लाख मा १.५ प्रतिशत कर कटाई कृषकहरुलाई भुक्तानी गरेको देखियो । कृषकहरुसंगको सम्झौताको दफा १०, ११ र १२ मा कृषकले कम्तिमा ५ वर्ष नियमित लक्षित विरुवा उत्पादन गर्नुपर्ने, पालिकाले लोकेको दररेटमा सरकारी नर्मस अनुसार उमेर, उचाई, स्वस्थ र गुणस्तरयुक्त हुनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा वडा नं १ ले आफैं खरिद गरि विक्रि गराउने गरेको तर अन्यले त्यस अनुसार गर्ने नगरेको जानकारी प्राप्त भयो । तर कार्यालयले अनुदानग्राही कृषकहरुले सम्झौता अनुसार नर्सरी स्थापना पश्चात लक्षित विरुवा उत्पादन र विक्रि वितरण सम्बन्धी अभिलेख अनुदानग्राहीले पठाउने गरेको देखिएन । कार्यालयले समेत त्यस सम्बन्धी कार्यको अनुगमन गरि अनुगमन प्रतिवेदन तयार गर्ने र पृष्ठ पोषणको व्यवस्था गर्ने गरेको देखिएन । यस सम्बन्धमा लेखापरीक्षणमा औंल्याइए पश्चात अनुगमन प्रतिवेदन तयार गरि पेश गरेको तर पृष्ठपोषणको व्यवस्था गरेको देखिएन। अतः कार्यालयले अनुदानग्राहीहरुद्धारा विरुवा उत्पादन र विक्रि वितरण गर्ने कार्यको निर्देशन र पृष्ठपोषणसहितको अनुगमन प्रतिवेदन तयार गरि कार्यक्रमलाई प्रभावकारी बनाइनु पर्दछ ।	
२३.२	५८३	२०७८-३-३०	**अनुगमन भत्ताः** पालिका क्षेत्र अन्तरगत कार्यान्विन गरिएका योजनाहरुको अनुगमन गर्दा भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक तथा भ्रमण भत्ता दिएको हुनु पर्दछ । कार्यालयले नगरपालिका अनुगमन मूल्याङ्कन कार्यविध २०७५ तयार गरि कार्यालयले उप प्रमुख श्री सीता भण्डारीसमेत १८ जनालाई २०७८।२।२५ देखि २०७८।३।३० सम्म कार्यालय मातहत सन्चालित विभिन्न योजनाहरुको अनुगमनकालागी अुनगमन तथा सुपरिवेक्षण समितिको बैठकमा सहभागी भएको जनाई सहभागी भत्ता रु २,९५,०००।- मा १५ प्रतिशत कर रु ४४,२५०।- कट्टी गरि रु २,५०,७५०।- भुक्तानी दिएको देखियो । तर कार्यक्रम अनुगमन गर्दा भ्रमा खर्च नियमावली, २०६४ अनुसार दैनिक तथा भ्रमण भत्ता दिनुपर्नेमा अनुगमन भत्ता दिएकोले नियमसम्मत नदेखिएको रु	२५०,७५०
२३.३	४१७	२०७८-३-३१	**पशुपालन कार्यक्रमः** कार्यालयले गाई, भैंसी तथा बाख्रा फार्म सुधार कार्यक्रम अन्तरगत ९ जनालाई भैंसीपालनकालागी १ जनालाई रु ३१,४९०।- र ८ जनालाई रु २६,२१०।- ले रु २,४१,१७०।- बोका एक जनालाई रु २१,१५०।- र ६ वटा बाख्रा रु ७,०५०।- ले रु ६३,४५०।- र एक जनालाई २५२ गोटा कुखुराको चल्ला रु १००।- ले रु २५,२००।- समेत रु ३,२९,८२०।- मध्ये कार्यालयले रु २,९९,८२०।- खर्च भुक्तानी गरेको देखियो । अनुदानमा खरिद भैंसी बोका तथा बाख्राको उत्पादकत्व र स्वास्थ्य परिक्षण नगरेको र बीमासमेत गरेको देखिएन । अतः अनुदानमा वितरण गरिने भैंसी बोका तथा बाख्राको पशु बीमा गराई जोखिम न्यूनीकरण एवं उत्पादकत्वलाई प्रभावकारी बनाउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३.४	५८५	२०७८-३-३०	**कर दाखिलाः** ना प्रा स श्री हरिशरण पन्थीलाई नेपालगन्जदेखि तम्घाससम्म ११५ गोटा प्लाष्टिक टनेल लु २ च २५७३ नं को गाडी मा ढुवानी गरेको भाडा रु ३० हजार सोधभर्ना गरेको । तर ढुवानीकर्ता गाडीधनीबाट कट्टी गरेको १० प्रतिशत कर सम्बन्धीत राजश्व खातामा दाखिला गरेको नदेखिएकोले रु ३ हजार निजबाट कट्टी गरि राजश्व खाता दाखिला गर्नु पर्ने रु	३,०००
२४			**वडागत राजश्व असुली र ढिला दाखिला**	
२४.१			**राजश्व रकम ढिला दाखिलाः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । त्यस्तै सोही बमोजिम प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा २४ को उपदफा २ मा १० दिनसम्म ढिलो गरेको भए १० प्रतिशत र १० दिन भन्दा बढी ढिलो गरेको भए १० प्रतिशत जरिवान र विभागीय कारवाहीसमेत गरिने उल्लेख छ । कार्यालयले तयार गरि लेखापरीक्षणार्थ पेश गरेको राजश्व आम्दानी तथा दाखिला विवरण अनुसार तोकिएको समयमा नगद दाखिला हुने नगरेकोमा जरिवाना तथा कुनै कारवाही गर्ने गरेको देखिएन । पालिका कार्यालयले वडाहरुमा नगदि रसिद काटिने जनाएको भएता पनि पालिकाको आय शाखाबाट आम्दानी तथा बैक दाखिलाको दैनिक भीडान गर्ने गरेको नदेखिएकोले यथार्थ आम्दानी तथा दाखिला भिडान हुन सक्ने अवस्था देखिएन । पालिकाले तयार गरि पेश गरेको आम्दानी दाखिलाको विवरणमा लकडाउन नभएको अवधि श्रावण देखि चैत्रमहिनासम्मको दाखिला विवरण परीक्षण गरिएकोमा अनुसूची मा उल्लेख भए अनुसार राजश्व आम्दानी ढिला दाखिला गरेको देखिएकोले सोही अनुसार अन्य वडा तथा कार्यालयमासमेत हुनसक्ने भएकोले कार्यालय स्वयमले यकिन गरि जरिवाना असुल गर्नु पर्दछ । साथै यसमा सुधार गरि अनुसूची अनुसारको जरिवाना असुल गर्नु पर्ने देखिएको रु	२१४,७२२.५८
२४.२			**सघिय सन्चित कोष दाखिलाः** पालिकाले संकलन गरेको संघिय सन्चित कोषमा दाखिला गर्नु पर्ने राजश्व तोकिए बमोजिमको अवधि भित्र सन्चित कोष दाखिला गरेको हुनु पर्दछ । पालिकाले संकलन गरेको संघिय सन्चित कोष दाखिला गर्नु पर्ने राजश्व रु ११३१३३०।- संघिय सन्चित कोष दाखिला नगरि पालिकाको स्थानीय सन्चित कोष दाखिला गरेको देखियो । अतः उक्त रकम संघिय सन्चित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु	१,१३१,३३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४.३			**बक्यौता अभिलेखः** कार्यालयले आफुले संकलन गर्न बाँकि राजश्वको बक्यौताको अभिलेख लगत अद्यावधिक गरि राखेको हुनु पर्दछ । तर कार्यालयले गत विगतमा असुल गर्न बाँकी बक्यौताको अभिलेख राखेको देखिएन । अतः असुल गर्न बाँकी राजश्वको बक्यौता अभिलेख अद्यावधिक गर्नु पर्दछ ।	
२५			**प्रोत्साहन भत्ता** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६.१ वमोजिम स्थानीय सेवाको गठन संचालन व्यवस्थान सेवाका सर्त तथा सुविधा सम्वन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून वमोजिम व्यवस्था छ।त्यस्तै अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ वमोजिम अतिरिक्त समय र विदाको दिन काम गर्दा अर्थमन्त्रालयवाट नर्मस स्वीकृत गराइ खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को ५ मा प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयवाट स्वीकृति लिनु पर्ने व्यवस्था छ।स्थानीय तहले कानून नवनाइ कार्यपालिकाको मिति २०७८।३।२९ को निर्णयले यो वर्ष रु ४५२८७९०।प्रोत्साहन भत्ता खर्च लेखेकोले थप व्ययभार पर्न गएको रु	४,५२८,७९०
२६			**तलवी प्रतिवेदन** निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ मा तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ ।कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलव तथा ग्रेड खर्च लेखेको छ । यसरी तलवी प्रतिवेदन पारित नगरी लेखेको तलव भत्ता खर्च सम्वन्धमा एकिन गर्न सकिएन ।तसर्थ तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ।	
२७			**वोका तथा वाख्रा वितरण** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३९(५)मा खर्च लेख्दा खर्चको विल भरपाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले देहाय वमोजिम १० वोका र ११७ वाख्रा वितरण गरी रु ९८६४००।खर्च गरेकोमा सो को अभिलेख राखी संझौता वमोजिम गरेको पाइएन ।	

भौ नं मिति	विवरण	भुक्तानी रकम	कैफियत
५५५-०७८।३।२९	टोप वहादुर गुरुङ्ग लगायत ५ जनालाई वोका वितरण	८७५००।	वाख्रा पालन गरेका कृषकलाई नश्ल सुधारको लागि
१८२-०७७।	रेसुंगा-९ का नजराज वस्नेत लगायत ३ जनालाई ४ वयर वोका वितरण	१०००००।	वाख्रामा प्रजनन गराउनको लागि

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			१०।७				
			२१०-०७७। १०।२८	जनजाति लक्षित वाख्रापालन कार्यक्रम अन्तर्गत मनिषा पुन मगर लगायत ९ जना मगर परिवारलाई ९ वटा पाठी वितरण	८०४००।		
			२५४-०७७। ११।२१	रेसुंगा-९ का राधिका मरासिनी लगायत २० जनालाई २० वाख्रा वितरण	१८००००।		
			२५६-०७७। ११।२३	रेसुंगा-४ मा दलित लक्षित वाख्रा पालन कार्यक्रम	१०६०००।	सावित्री सुनार लगायत १६ जनालाई वाख्रा वितरण	
			२९७-०७७। १२।२०	रेसंगा-२ मा धागिथुम समावेशी वाख्रा पैंचो कार्यक्रम	२०००००।	दिपक वि क लगायत २३ जनालाई वाख्रा वितरण।	
			२७५-०७७। १२।४	लक्षित वर्ग विकास कार्यक्रम महिला वाख्रा पालन	१०००००।	रामकला राना लगायत १५ जनालाई वितरण	
			३३०-०७७। १२।३०	रेसुंगा-१मा महिला शसक्तिकरण कार्यक्रम अन्तर्गत वाख्रा पैचो कार्यक्रम	१२२५००।	पार्वती श्रेष्ठ लगायत १३ जनालाई वितरण	
			३३६-०७७। १२।३१	रेसंगा-१३मा शितलपाटी कृषक समूहका भिमसेन वस्नेत र पिकीहुली वाख्रा तथा कृषि फर्मका प्रेम वहादुर थापालाई वितरण	८००००।	वोयर वोका २ वटा	
			३४१-०७८। १।३	रेसंगा-५मा वर्दवास गोवाने महिला कृषक समूहका राम कुमारी खत्री लगायत २१ जनालाई वाख्रा वितरण	११००००।	२१ वटा वाख्रा वितरण।	

उपरोक्त वमोजिम वोका तथा वाख्रा वितरण गरेकोमा कार्यालयले अभिलेख राखी व्यवस्थित गरेको देखिएन।संझौतामा वोयर वोकाको उत्पादन र अन्य प्रगति चौमासिक रुपमा रेसुंगा न.पा. पशु विकास शाखामा पेश गर्नु पर्ने,वोकालाई वाख्रामा प्रजनन गराउँदा एक वाख्रा वरावर ४०० लिइ सेवा दिनु पर्ने, ३ वर्ष सम्म वाखा

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालकहरुलाई सेवा दिनु पर्ने, वोका तथा वाख्राको विमा गर्नु पर्ने साथै वोका तथा वाख्राको नियमित अनुगमन गरी प्रतिवेदन दिने व्यवस्था कार्यान्वयन गरेको देखिएन।	
२८			**आर्थिक सहायता** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा १४(२)मा पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने उल्लेख छ।१४ नं वडाका वडाध्यक्ष श्री शेर वहादुर पहराइको स्वास्थ्य उपचारका लागि कार्यवाहक नगर प्रमुख श्री सीता भण्डारीको अध्यक्षतामा वसेको कार्यपालिकाको मिति २०७८।३।१६ वैठकले निर्णय गरी आर्थिक सहायता भनी रु १०००००।भुक्तानी गरेको देखियो ।अतः ऐनमा व्यवस्था नभएको उक्त सहायता दिन मिल्ने नदेखिएको रु	१००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**कार्यसम्पादन मूल्यांकन भत्ता** कर्मचारीको कार्यसम्पादन मूल्यांकन गरेवापत कर्मचारीहरुलाई वैठक भत्ता दिने व्यवस्था देखिंदैन ।कार्यालयले विभिन्न कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गर्दा वैठक वसेको जनाइ गो.भौ.नं ६ मिति २०७७।६।१२ वाट देहाय अनुसार रु ४२०००।भत्ता भुक्तानी गरेको देखियो ।अतः नियममा व्यवस्था नभएको अवस्थामा देहायका कर्मचारीहरुलाई का.स.मू.वैठक भत्ता भुक्तानी गरेकोले कर कट्टा पछिको उक्त रकम रु ३५७००। असुल गर्नुपर्ने रु	३५,७००

पदाधिकारीको नाम	वैठक संख्या	भत्ता दर	रकम	भुक्तानी
जि.स.अ.श्री विजय कुमार कार्की	४	१५००	६०००।	५१००
प्र.जि.अ.श्री भरत कुमार शर्मा	४	१५००	६०००।	५१००
प्र.प्र.अ.श्री भक्तिराम मरासिनी	४	१५००	६०००।	५१००
शा.अ.श्री योगराज अर्याल	४	१५००	६०००।	५१००
ले.पा.श्री सरिता के.सी.	२	१५००	३०००।	२५५०
ख.श्री रेशमलाल भुसाल	४	१५००	६०००।	५१००
सहायक चौथो श्री ढुण्डीराज पन्थी	४	१५००	६०००।	५१००
स.ले.पा.श्री सूर्य वहादुर थापा	२	१५००	३०००।	२५५०
जम्मा	28	१५००	४२०००।	३५७००।

३०			**क्षेत्रगत बजेट, योजना, चौमासिक खर्च र अन्य विवरण**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

(क) क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७/७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	५३८६२	४६८४५	८६.९७
२	पूर्वाधार विकास	१७२२५४	१२३८१७	७१.८८
३	सामाजिक विकास	२८२६६४	२५३८६३	८९.८१
४	बातावरण तथा विकास	०	०	०
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	२२१६८	१८७३०	८४.४९
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१०४५४६	८५५०१	८१.७८
जम्मा		६३५४९४	५२८७५६	८३.०२

(ख) लक्ष्य प्रगति - कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । अत: नियमानुसार प्रगति विवरण तयार गर्नु पर्दछ ।

(ग) योजना छनौट र कार्यान्वयन : योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७।७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् :

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td>१४३</td><td>१०६</td><td>१३१</td><td>५४</td><td>४९</td><td>४८३</td></tr></table> उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि माथिका जम्मा ३४० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १४३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ। **(घ) चौमासिक खर्च** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजीगत तर्फ रु. ५२ करोड ८७ लाख ५७ हजार निकासा तथा खर्च भएकोमा प्रथम चौमासिकमा रु. ७ करोड ३८ लाख ३० हजार अर्थात् ११.६१ प्रतिशत, दोश्रो चौमासिकमा रु. १० करोड ४२ लाख २९ हजार अर्थात् १६.०४ प्रतिशत र तेश्रो चौमासिकमा रु. ३५ करोड ६ लाख ९६ हजार अर्थात् ५५.१८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २६ करोड ४१ लाख ३३ हजार अर्थात् ४१.५६ प्रतिशत खर्च गरेको देखिएकोले आषाढमा खर्चको चाप बढेको र सन्तुलित खर्च ब्यवस्थापन नभएको कारण वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने हुनाले स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्चमा सन्तुलन कायम हुने गरी खर्च गरी आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । **(ङ) खाना तथा विविध खर्च** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(१)को खण्ड (ङ) मा वजेट प्रस्ताव गर्दा तोकेको खर्चको मापदण्ड अनुसार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खर्चको मापदण्ड नतोकी खाना तथा विविधमा रु. १७४००००।- खर्च गरेको छ । (च) **आर्थिक सहायता** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. १३८१०००।- आर्थिक सहायता वितरण गरेका छन् । कार्यालयले आर्थिक सहायता प्रदान गर्ने कार्यमा नियन्त्रण गरि नियमको पालना गर्नुपर्दछ ।	
३१			**बजेट,निति तथा कार्यक्रम र स्थानीय सरकार सन्चालन ऐन कार्यान्वयन**	
३१.१			**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा दफा ११ अनुसारका देहायका कार्यहरु भएको देखिएन । अत उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ । ˙ सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन,भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा नभएको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण नभएको · मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन नभएको, · सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन नभएको, · स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन नभएको, · वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण र नियमन नभएको, · स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन नभएको, · जेष्ठ नागरिक,क्लब,दिवा सेवा केन्द्र, भेटघाट स्थल, अश्रय केन्द्रको संचालन तथा व्यवस्थापन नभएको, · खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन नगरेको, · एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा नगरेको, · स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून,मापदण्ड,योजना तर्जुमा नगरेको, · स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन नभएको, · स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन नगरेको, · खानेपानी,साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको, · जलाधार,वन्यजन्तु,खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार नगरेको, · सामुदायिक भुसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम नभएको, · खानी तथा खनिज पदार्थ सम्बन्धी सूचता तथा तथ्याङ्क संकलन नभएको, · बहुमुल्य धातु,पत्थर तथा खनिज पदार्थको संरक्षणा र सम्वर्द्धनमा सहयोग नगरेको · आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन नभएको, · खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन नभएको, · स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन तथा मर्मत सम्भार सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन नभएको, · वातावरण,पर्यावरण तथा जैविक विविधता सम्बन्धी २६ वटा काम कर्तव्य रहेकोमा कुनै पनि कार्यान्वयन नभएको, · व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा नभएको, · प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून,मापदण्ड तर्जुमा नभएको, · यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति,कानून,मापदण्ड, योजना तर्जुमा नभएको, · संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति,योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन नभएको, · संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन नगरेको, · स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन नभएको, · संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केवुल तथा तारविहिन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन नभएको, · स्थानीय बस,ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति मापदण्ड ,योजना कार्यान्वयन नभएको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको संचालन, व्यवस्थापन, मर्मत संभार, समन्वय, साझेदारी र सहकार्य नभएको	
३१.२			**बजेट कार्यान्वयनः-** स्थानीय सभामाप्रस्तुत आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम कार्यान्वयन गरिएको हुनु पर्दछ । तर कार्यालयले यो वर्षको स्वीकृत बार्षिक बजेट कार्यक्रम मध्ये २ करोड २१ लाख ८२ हजारका ६५ वटा कार्यक्रमहरु कार्यान्वयन गरेको देखिएन। अतः सभाबाट पारित वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गरिनु पर्दछ।	
३१.३			**निति तथा कार्यक्रम कार्यान्वनः** पालिकाको सभाको अधिवेशनमा प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरु मध्ये देहायका कार्यक्रमहरु कार्यान्वयन भएका छैनन । बार्षिक निति तथा कार्यक्रममा समावेश गर्ने तर कार्यान्वयन नगर्ने कार्यमा सुधार गरिनु पर्दछ । **आर्थिक विकासतर्फ** १ कृषि तथा पशुजन्य साना उद्योगहरुलाई प्रवर्धन गर्न तत्सम्बन्धी वस्तुहरूको जिल्ला बाहिरबाट आयात गर्न न्यूनीकरण २ स्थानीय कला,ज्ञान, सीप र प्रविधिको समुचित प्रयोग गरी नगरपालिकाको पहिचान झल्किने वस्तुहरूको उत्पादन, बजारीकरण र घरेलु तथा साना उद्योगहरूलाई प्रमाणीकरणको आधारमा अनुदानको व्यवस्था ३ सहकारी संस्थाहरूको गुणस्तर क्षमता र व्यवस्थापनलाई चुस्त बनाउन एकीकरणको नीति ४ यस नगरपालिकाभित्रका महत्वपूर्ण धार्मिक, ऐतिहासिक, पुरातात्विक एवं प्राकृतिक सौन्दर्यका स्थलहरूको पहिचान गरी ती क्षेत्रहरूको संरक्षण र विकास गर्दै कला, संस्कृति साहित्यको जगेर्ना गरी आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षण गर्न तत् सम्बन्धी गुरुयोजना तयार **शिक्षा, युवा तथा खेलकुद विकासतर्फ** ५ निजी विद्यालय सरकारी विद्यालयमा समायोजन गर्ने नीति अवलम्बन ६ प्रत्येक वडाका सामुदायिक विद्यालयहरू मध्येबाट एउटा विद्यालयलाई नमुना विद्यालय घोषणा गरी त्यसको संस्थागत क्षमता विकासका लागि थप सहयोग ७ सामुदायिक विद्यालयका शिक्षक कर्मचारीहरूलाई उत्कृष्टताका आधारमा पुरस्कृत ८ नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका बालविकास केन्द्रहरूमध्ये उत्कृष्टताका आधारमा नमुना बालविकास केन्द्रको रुपमा विकास ९ नगरपालिका क्षेत्रभित्रका युवाहरूको सक्षमता अभिवृद्धिका लागि सीप विकासको अवसर उपलब्ध १० युवा क्लवमा आवद्ध युवाहरूका लागि व्यक्तित्व विकास सम्बन्धी कार्यक्रम र अवलोकन भ्रमणको अवसर उपलब्ध गराइनेछ भने दुर्व्यसनबाट युवाहरूलाई बचाउनका लागि सचेतना कार्यक्रम सञ्चालन	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			११ नगरभित्रका युवाहरूको सिप विकास र खेलकुद विकासका लागि नगरस्तरीय युवा तथा खेलकुद विकास समिति गठन १२ नगरपालिकाको समग्र शैक्षिक उन्नयनका लागि बृहत शैक्षिक सम्मेलनको आयोजनाबाट शिक्षा विकास गुरुयोजना निर्माण १३ युवाहरूको समग्र विकासका लागि युवा प्रतिभा बैंकको स्थापना र बैंक मार्फत प्रतिभा हस्तान्तरण कार्यको थालनी १४ यस पालिकाभित्रका विद्यालयहरुले ऐच्छिक विषयको रुपमा संस्कृतभाषालाई पठन पाठन गराउन अनुमति प्रदान **स्वास्थ्य तथा जनसंख्यातर्फ** १५ रेसुङ्गा नगरपालिकाभित्र लागत साझेदारमा सय बेडको कोरोना अस्पताल स्थापनाको लागि पहल र गर्भवतीको "घरमा झण्डा, हातमा अण्डा" कार्यक्रम अन्तरगत आमा तथा शिशुको स्वास्थ्य अवस्थ स्वस्थ राख्नको लागि नियमानुसार गरिनुपर्ने प्रत्येक गर्भ जाँचमा पोषण प्याकेज उपलब्ध १६ स्वस्थ आमा स्वस्थ शिशु कार्यक्रम अन्तरगत सबै सुत्केरी आमा तथा नवजात शिशुको स्वास्थ्यकर्मीद्वारा घरघरमै पुगी नियमानुसार स्वास्थ्य परीक्षण गर्ने व्यवस्था १७ स्वास्थ्य संरक्षण, प्रवर्द्धन तथा वातावरणीय प्रदुषण नियन्त्रण कार्यको क्षेत्रमा विशेष गरी नगरस्थित खानेपानीका मुहानहरूको शुद्धता जाँच तथा मुहान संरक्षण १८ सबै स्वास्थ्य संस्थाहरूबाट हरेक ३/३ महिनामा Deep stick द्वारा मृगौला तथा मधुमेह रोगको प्रारम्भिक जाँच पड्तालको व्यवस्था स्वास्थ्य र जनसंख्या विकाससंग सम्बन्धित सूचकहरु संकलनको लागि महिला स्वास्थ्य स्वयं सेविकाहरु परिचालन गरी घरधुरी सर्वेक्षण गरी समष्टिगत प्रतिवेदन तयार १९ सुरक्षित मातृत्व कार्यक्रमका सुचांकहरूमा उच्चतम सुधार ल्याउन समुदायस्तरमा १००० दिन भित्रका महिलाहरूको सेवा उपभोगको मूल्यांकन गर्ने व्यवस्था २० गम्भीर प्रकृतिका रोग (मुटु, क्यान्सर, पाठेघरको अप्रेसन आदि) लागि लागत साझेदारिमा शिविरहरु सञ्चालन **दलित, जनजाति, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूतर्फ** २१ नगरका प्रत्येक वडालाई बालमैत्री वडा बनाई बालमैत्री नगर घोषणा २२ समावेशी विकासको अवधारणालाई मूर्तरुप दिन मागमा आधारित विकास (राइट बेस एप्रोच) लाई अवलम्बन **वातावरण तथा विपद व्यवस्थापनर्फ** २३ प्लाष्टिकजन्य पदार्थलाई बोतलभित्र राख्ने तरिका सिकाउने त्यसको उपयोगिताबारे प्रचार प्रचार गर्न तयार भएको प्लास्टिक बोतल (Brick bottle) लाई खरिद गर्ने व्यवस्था २४ एक वडा एक हेलिप्याड निर्माण प्राथमिकता दिईनेछ र आगामी वर्ष कम्तिमा दुई कुनै २ वडामा हेलिप्याड निर्माण २५ रेसुङ्गा नगरपालिकाको वडा न ९ बूढीचौरमा सञ्चालन हुने कवाडी (नकुहिने सामग्री) प्रशोधन केन्द्रलाई व्यवस्थित गरी आन्तरिक आम्दानीमा वृद्धि गर्ने र कुहिने फोहोरलाई बुढीचौर बाहेक ओख्रेनी वा अन्य स्थानमा व्यवस्थित गर्ने २६ खाली ठाउँ, सडकको दाया बाया किनारामा आय आर्जन हुने विरुवा रोपण	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२७ नगरको दीर्घकालीन सौन्दर्यता कायम गर्न बातावरणीय स्वच्छता र सरसफाईको लागि उपयुक्त स्थानको पहिचान गरी अन्तरपालिका लगानीमा फोहोर मैला प्रशोधन केन्द्र स्थापना **पूर्वाधार विकासतर्फ** २८ नगरका सबै वडाका प्रत्येक सडकको छुट्टाछुट्टै निर्धारित मापदण्ड अनुसार होर्डिङ्गबोर्ड राख्ने व्यवस्था मिलाइनेछ सडकको निर्धारित मापडण्ड कम्तिमा १४ फिट र बढीमा ३० फिटसम्म कायम गरी घर निर्माण गर्दा कम्तिमा ५ फिट सेड ब्याक छोड्नु पर्ने व्यवस्था २९ नगरक्षेत्रभित्र रहेका घनाबस्ती तथा बजार क्षेत्रका खोल्साहरूमा सतह ढलान गरी ढल निकासको व्यवस्थापन गर्ने ३० नगर यातायात गुरुयोजनालाई अध्यावधिक गरी नगरस्तरका प्राथमिकतामा परेका सडकहरूलाई नया निर्माण / मर्मत / स्तरोन्नति ३१ रेसुङ्गा नगरपालिका र लगानी बोर्डको लगानीमा नगरभित्रका महत्वपूर्ण योजनाहरू कार्यान्वयन गर्ने ३२ रेसुङ्गा नगरपालिका र लगानी बोर्डको लगानीमा नगरभित्रका महत्वपूर्ण योजनाहरू कार्यान्वयन गर्ने नीति अवलम्बन ३३ रेसुङ्गा नगरपालिकाको नयाँ नापी गर्नको लागि सम्बन्धित निकायमा पहल ३४ नगरक्षेत्रभित्र प्रयोगमा रहेका सडकहरुको सार्वजनिक बाटो कायम गर्नको लागि लगत कट्टा गर्ने ३५ खुल्ला सार्वजनिक स्थानको संरक्षण सम्वर्द्धन **संस्थागत विकास सेवा प्रवाह र सुशासनतर्फ** ३६ नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन ३७ कर्मचारी, जनप्रतिनिधि तथा उपभोक्ताहरूलाई अन्य स्थानीय तहको अनुकरणीय कार्य हेर्न अवलोकन भ्रमण आयोजना ३८ बजेट कार्यान्वयन तथा सेवा प्रवाहमा प्रभावकारिताका लागि राष्ट्रसेवक कर्मचारी तथा उपभोक्ता समितिहरूलाई उचित प्रोत्साहन गर्ने ३९ नगरपालिकामा आवश्यक पर्ने संगठनात्मक संरचना (O.D.) गरी व्यवस्थित ४० नगरपालिकाको प्रशासनिक र विकासात्मक गतिविधिलाई प्रविधिमैत्री बनाई स्मार्टसिटीको अवधारणा अवलम्बन ४१ नगरपालिकाभित्र सञ्चालित विभिन्न संस्था समितिहरूको विवरण सहितको प्रोफाइल निर्माण गरी सक्षमताको आधारमा नगरको समग्र विकासमा परिचालन गर्ने स ४२ समग्र पक्षमा सुशासन कायम गर्न नागरिक समाजको भूमिकालाई प्रभावकारीबनाउने कार्य ४३ शान्ति सुरक्षालाई दृष्टिगत गरी बजारक्षेत्रको उपयुक्त स्थानमा CCTV जडान गर्ने ४४ सुरक्षित आप्रवासन परियोजना (सामी) कार्यान्वयन	
३२			**आन्तरिक नियन्त्रण प्रणाली**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२.१			**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको देखिएन । साथै आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी देहायका कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयारी पालिकाले कार्यक्रमगत तथा योजनागत खाता पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार	
३२.२			**म. ले. प. फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धतिः** भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीकालागि भ्रमण अभिलेख राखेको भएतापनि अद्यावधिक नगरेको र फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेकोले यसमा सुधार गरिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२.३			**धरौटी बाँकीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवली, २०७७ को नियम अनुसार कार्यालयमा बाँकी रहेको धरौटी रकमको व्यक्तिगत अभिलेख राखेको हुनु पर्दछ । कार्यालयको अभिलेख अनुसार यो वर्षको अन्तसम्ममा धरौटी मौज्दात रु १,३५,३८,७०४।- बाँकी रहेको देखियो । तर कार्यालयले धरौटीको व्यक्तिगत कच्चावारीमा दाखिला गरेको अवधि अर्थात मिति उल्लेख गरेको देखिएन । अतः धेरै पुराना र प्रयोजन समाप्त भइ फिर्ता लिन नआएका धरौटी रकम यकिन गरि राजश्व आम्दानी जनाइ धरौटी अभिलेख अध्यावधिक गरिनु पर्दछ ।	
३३			**वित्तीय विवरण परीक्षण**	
३३.१			**चौमासिक कार्यलक्ष्यः** आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गर्ने गरेको देखिएन ।	
३३.२			**अवकाश कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापनाको स्थापना गरेको देखिएन ।	
३४			**अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था बमोजिम खर्च हुन नसकेका शर्त सहितका अनुदान फर्ता गरेको हुनु पर्दछ । पालिकाको सूत्र प्रणालीको प्रतिवेदन बमोजिम संघिय सशर्त अनुदान तर्फ रु २,९२,१६,३५३।३९ र प्रदेश सशर्त अनुदान तर्फ रु २७,३९,६८९।- समेत रु ३,१९,५६,०४२।३९ आर्थिक वर्ष भित्रै फिर्ता पठाउनु पर्नेमा ढिला गरि २०७८।५।२२मा निकासा बाँकी फिर्ता पठाएको देखियो । अतः कोष फिर्ता गर्नुपर्ने रकम आर्थिक वर्ष भित्रमा नै पठाउनु पर्ने तर्फ ध्यान दिनु जरुरि देखिन्छ ।	
३५			**खरिद व्यवस्थापन (स्थानीय तह)**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५.१			**खरिद सम्झौता कार्यान्वयनः** कार्यलयले निर्माण कार्यहरु गराउँदा निर्माण कार्य सम्झौतामा तोकिएको म्याद भित्र कार्य सम्पन्न हुने, सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्ने, निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित गर्ने नगरिएको, सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा पेश गर्ने र त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।	
३५.२			**निर्माण कार्यको गुणस्तर परीक्षणः** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१) को खण्ड ग अनुसार सम्झौता अनुसारको गुणस्तर परिक्षण तथा नियमावली,२०६४ को नियम १११ (१) को खण्ड ङ अनुसार गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस अनुसार निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई गुणस्तर आश्वस्तता कार्य योजना पेश गर्न लगाई निर्माण कार्यमा प्रयोग हुने सम्पूर्ण निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण गराइनु पर्नेमा केही पाइप तथा निर्माण सामाग्रीको गुणस्तर परीक्षण गराएतापनि अधिकाँश निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण गरेको देखिएन । त्यस्तै कार्यालयका प्राविधिकहरु निर्माणस्थल साइटमा गुणस्तर नियन्त्रणकालागी अनुगमन निरीक्षण गरेर तयार गर्नुपर्ने निरीक्षण अभिलेख तथा साइट रजिष्टर राखेको नदेखिएकोले गुणस्तर नियन्त्रण पर्याप्त भएको सन्दर्भमा आश्वस्तता हुनसक्ने अवस्था देखिएन । अतः यसमा सुधार गरिनु पर्दछ ।	
३५.३			**सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सार्वजनिक परीक्षण गर्ने गरेको देखिएन । यसम सुधार गरिनु पर्दछ ।	
३६			**बजेट तथा कार्यक्रम (स्थानीय तह)**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६.१			**बजेट खर्च गर्ने अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको सभाको निर्णय पुस्तिका सरकारी कामको सिलसिलामा सर्वोच्च अदालत पठाएको जनाई ल्खापरीक्षणार्थ पेश भएन । कार्यालयले यो वर्षको निति तथा कार्यक्रम २०७७।३।१० मा र बजेट २०७७।३।१८ मा पारीत भएकोमा नगरपालिकाका प्रमुखले कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएको प्रमाण देखिएन । ऐनद्धारा तोकिएको समयभित्र प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिइनु पर्दछ ।	
३६.२			**बजेट सीमा र अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गरि समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा व्यवस्था छ । तर कार्यालयले पालिकाका विषयगत शाखा तथा वडा समितिलाई बजेट सीमा पठाउने नगरेको र राजश्व परामर्श समितिले बजेट वर्ष पछिका २ वर्षको अनुमान गर्ने गरेको देखिएन । यसम सुधार गरिनु पर्दछ ।	
३६.३			**प्रोफाइलः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । तर कार्यालयले त्यस अनुसार श्रोत नक्शाङ्कन सहितको प्रोफाइल तयार गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।	
३६.४			**चौमासिक र बार्षिक प्रगतीः** कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गर्ने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>३७.१</td><td></td><td></td><td>पदाधिकारी अन्य सुविधाको प्रमाण: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा २ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जन मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.२१०९०००/-, टेलिफोन तथा मोवाइल रु. २३५८०००/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.२२५६०००/-, जनसम्पर्क विशेष कार्यसुविधा रु.३६७२०००/-, अतिथि सत्कारमा रु. ११६४०००/-, समेत जम्मा रु. ११५५९०००/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु. ११५५९०००/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उद्धेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्धेश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७.२</td><td></td><td></td><td>पदाधिकारी सुविधा : पदाधिकारी सुस्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ३ मा लुम्विनी प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ आषाढ ३ मा राजपत्रमा प्रकाशन गरेको र उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको यो वर्ष उल्लिखित सेवा सुविधामा रु. १६९७५०००।- खर्च लेखेको देखिन्छ ।
<table>
<tr><th>सिनं</th><th>विवरण</th><th>नगरप्रमुख</th><th>उपप्रमुख</th><th>वडाअध्यक्ष १४ जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य ४९ जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>14000</td><td>17000</td><td>574000</td><td>328000</td><td>1176000</td><td>2,109,000</td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td>0</td><td>0</td><td>2016000</td><td>672000</td><td>2058000</td><td>4,776,000</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

३	टेलिफोन,मोबाइल	48000	48000	504000	288000	1470000	2,358,000
४	पुस्तक,पत्रीका, ईन्टरनेट	60000	60000	672000	288000	1176000	2,256,000
५	समन्वय तथा सहजीकरण जनसम्पर्क	156000	96000	1176000	480000	1764000	3,672,000
६	अतिथि सत्कार	84000	72000	1008000	0	0	1,164,000
७	खानेपानी/बिजुली/ सरसफाई	0	0	0	0	0	0
८	चाडपर्व खर्च	15000	15000	168000	80000	392000	670,000
	जम्मा	377,000	308,000	6,118,000	2,136,000	8,036,000	16,975,000

३८			**कानूनी स्थिति**	
३८.१			**कानुन निर्माण र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म बनाएको १७ ऐन, ३ नियमावली, २१ कार्यविधि ४१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८.२			**न्यायीक समिति** – न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्षको २ विवाद दर्ता भएकोमा २ वटा फछ्यौंट गर्न बांकी देखिन्छ ।अत: न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट गरी टुङ्गो लगाउनुपर्दछ ।	
३९			**सम्पत्तिको अभिलेख र संरक्षण**	
३९.१			**सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग** : गाउंपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पति र जग्गाको अभिलेख राखी अद्यावधिक गर्नुपर्ने, उक्त सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्नेमा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पति र जग्गाको अभिलेख राखी,उक्त सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्ने र सोको पालना गर्नुपर्दछ ।	
३९.२			**सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालय तथा साविक गाउंपालिका । नगरपालिकाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाउंपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन। हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत नराख्दा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा उक्त मालसामानहरुको अभिलेख तथा जिन्सी लगत खाता अद्याबधिक गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।	
४०			**दोहोरो सुविधा** दोहोरो सुविधाः स्थानीय तहका पदाधिकारी र सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा ४(३)मा पदाधिकारीलाई सवारी साधन उपलव्ध गराएको अवस्थामा यातायात सुविधा नपाउने व्यवस्था छ।देहायका पदाधिकारीहरुलाई यातायात साधन र यातायात सुविधा दुवै उपलव्ध गराएकोले दोहोरो यातायात सुविधा वापतको रकम रु १७२८०००। असुल गर्नुपर्ने रु	१,७२८,०००

पदाधिकारीको नाम	लिएको सवारी साधन	मासिक यातायात खर्च	असुल गर्नुपर्ने रु

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				२ नं वडाध्यक्ष श्री उदय वहादुर थापा	मोटरसाइकल	१२०००।	१४४०००।		
				३ नं वडाध्यक्ष श्री थमन वहादुर के.सी	मोटरसाइकल	१२०००।	१४४०००।		
				५ नं वडाध्यक्ष श्री हरि प्रसाद शर्मा खनाल	मोटरसाइकल.	१२०००।	१४४०००।		
				६ नं वडाध्यक्ष श्री गन वहादुर गुरुङ्ग	मोटरसाइकल	१२०००।	१४४०००।		
				७ नं वडाध्यक्ष श्री मोहन प्रसाद पाण्डे	मोटरसाइकल	१२०००।	१४४०००।		
				८ नं वडाध्यक्ष श्री भरत भलामी	मोटरसाइकल	१२०००।	१४४०००।		
				९ नं वडाध्यक्ष श्री नारायण सुनार	मोटरसाइकल	१२०००।	१४४०००।		
				१० नं वडाध्यक्ष श्री पदम प्रसाद अर्याल	मोटरसाइकल	१२०००।	१४४०००।		
				११ नं वडाध्क्ष श्री खुम वहादुर राना	मोटरसाइकल	१२०००।	१४४०००।		
				१२ नं वडाध्यक्ष श्री कुल वहादुर टन्डन	मोटरसाइकल	१२०००।	१४४०००।		
				१३ नं वडाध्यक्ष श्री खुम वहादुर खत्री	मोटरसाइकल	१२०००।	१४४०००।		
				१४ नं वडाध्यक्ष श्री शेर वहादुर पहराइ	मोटरसाइकल	१२०००।	१४४०००।		
						जम्मा	१७२८०००।		

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
४०.१	उदय बहादुर थापा सहित १२ जना	१७,२८,०००

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१			**कोभिड-१९ तर्फ** **आम्दानी खर्च** : गत बर्षको बांकी रु. २८४७६९५।- र यस वर्षको आम्दानी रु. १०२४४०००।- समेत जम्मा रु.१३०९१६९५।- भएकोमा यस वर्ष खर्च रु. ९९३२८११।९६।- भई बांकी मौज्दात रु. ३१५८८८३।०४।- देखिन्छ। पालिकाले कोभिड तर्फ छुट्टै कोष नराखी विपत व्यवस्थापन कोषमा नै आम्दानी खर्च राखेको देखियो ।	
४२			**संगठन तथा कर्मचारी व्यवस्थापन**	
४२.१			**कर्मचारी दरबन्दी र पदपूर्ती :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकातर्फ प्रमुख प्रशासकीय अधिकृत सहित ६२ दरबन्दी स्वीकृत रहेकोमा ३६ जना पदपूर्ती भएको र २६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिन्छ । अत: रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।	
४२.२			**कर्मचारी करार** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(३) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने र दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ व्यवस्था छ । पालिकाले विभिन्न पदमा ३५ जना कर्मचारीहरु करारमा राखी रु. ७६३४०३०।- खर्च लेखेको छ ।	
४३			**शिक्षा तर्फ**	
४३.१			**बिद्यालय भौतिक पूर्वाधार विकास :** गाउंपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्विकृत गरी सोही कार्यक्रम बमोजिम संझौता गरि अनुदान उपव्ध गराउनु पर्नेमा उक्त कार्यक्रम स्वीकृत गरेको देखिएन ।अत: सो कार्यक्रम स्वीकृत गरी कार्यक्रम अनुसार संझौता गरी अनुदान उपलव्ध गराउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३.२			**बिद्यालय भौतिक पूर्वाधार विकास** : पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गर्नुपर्ने स्वीकृत कार्यक्रम र संझौता अनुसार अनुदान उपलव्ध गराउनु पर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । अत: उक्त कार्यक्रम स्वीकृत गर्नुपर्दछ ।	
४३.३			**निजी विद्यालय व्यवस्थापन :**गाउंपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने , मापदण्ड बमोजिम अनुगमन गर्नुपर्ने , शुल्क निर्धारण गर्नुपर्ने र शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गर्नुपर्ने एवं अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा गाउंपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । उक्त मापदण्ड निर्धारण गरी कार्यान्वन गर्नुपर्दछ ।	
४३.४			**विद्यालय अनुगमन नियमन व्यवस्ठा :** गाउंपालिकाले अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने , मापदण्ड बमोजिम अनुगमन गर्नुपर्ने , अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा गाउंपालिकाले अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । उक्त मापदण्ड निर्धारण गरी कार्यान्वन गर्नुपर्दछ ।	
४३.५			शिक्षक कर्मचारीको तलब भुक्तानी गर्दा शिक्षक कितावखानाबाट पारित भएको तलबी प्रतिवेदनमा रे भएको तलब र ग्रेड भुक्तानी गर्नुपर्दछ । पालिकाले महेन्द्र मा.वि. का शिक्षक माधव मरासिनीको ६ ग्रेड पारीत भएकोमा ७ ग्रेड भुक्तानी गरेकोले १ ग्रेड बढी भुक्तानी भएकोले सोको रु.९४०।- को दरले १२ महिनाको ग्रेड र कसंकोष र दशैको ग्रेड समेत गरी जम्मा बढी भुक्तानी भएको रु. १४३४८।- असुल गर्नुपर्न रु. **क्रम** | **कर्मचारीको/फर्म/संगठन नाम** | **असुली रकम** ४३.५.१ | माधव मरासिनी | १४,३४८	१४,३४८
४४			अनुगमन र सम्परीक्षण **क) अनुगमन र सम्परीक्षणः** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ७४ दफा ३८ वमोजिम अन्तिम लेखापरीक्षणवाट कायम भएको वेरुजु असुल गरी वेरुजु फछ्यौंट तथा नियमित गर्नु पर्ने व्यवस्था छ । आ.व.२०७६।७७ सम्म वांकी वेरुजु रु ३ करोड ९६ लाख ३ हजार रहेकोमा सम्परीक्षणको लागि रु २३९७१५३९। ६१ पेश भई सम्परीक्षण भएको छ। दफा | व्यहोरा | फर्छयौट रकम | कैफियत	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				२२	जनसहयोग मा वि लाई भुक्तानी दिंदा कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रु	१८०००००।	कार्य सम्पन्न प्रतिवेदन पेश भएको		
				२७	प्राकृतिक /डि.एन.डि जे.भी.को पेश्की फछ्र्योट नभएको रु	२४८००००।	प्रमाण पेश भएको।		
				२९	शित भण्डार स्थापना गर्न किन्नोभेशन ट्रेडिङ्ग प्रा.लिलाई भुक्तानी गरेकोमा ठेक्का मार्फत गराएको रु	३८२९२७०।	प्रमाण पेश भएको।		
				३५	भैरव सर्जिकेम प्रा.लि.लाई धरौटी फिर्ता गर्दा कर समायोजन विवरण वेगर भुक्तानी	६०००००।	प्रमाण पेश भएको।		
				४४	श्रेष्ठ सुनिल समिर जे.भी.कर समायोजन पेश नभएको रु	४२३७८८।	प्रमाण पेश भएको।		
				५३	वाल विकास व्यवस्थापनको लागि विद्यालयलाई उपलव्ध गराएको रकम खरिद आदेश,दाखिला रिपोर्ट पेश नभएको रु	२०००००।	प्रमाण पेश भएको।		
				५६	प्रशिक्षकको भ्रमण आदेश विना भत्ता उपलव्ध गराएको रु	१२९६५०।	प्रमाण पेश भएको।		
				५८	निर्माण व्यवसायीको विल विलवाट ईन्धन खरिद रु	४७१४९६।	प्रमाण पेश भएको।		
				६०.१	कृषक तालिममा सहभागी प्रशिक्षकको हाजिरी वेगर खर्च लेखेको रु	१०००००।	प्रमाण पेश भएको।		
				६०.२	तालिममा सहभागी प्रशिक्षकको हाजिरी वेगर खर्च लेखेको रु	६३५००।	प्रमाण पेश भएको।		
				६०.३	तालिममा सहभागी प्रशिक्षकको हाजिरी वेगर खर्च लेखेको रु	१०००००।	प्रमाण पेश भएको।		
				६२	सडक मर्मत खर्च विल अगाडिको भुक्तानी रु	८००००।६१	प्रमाण पेश भएको।		
				६५	ड्राइभिङ्ग इन्टिच्यूटलाई भुक्तानी गर्दा कर कट्टी नगरेको रु	३३७५०।	दाखिला भएको ।		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				६८	कृषक लागत सहभागितामा सामान खरीद नभएको रु	५२०००।	२८०००० मध्ये २२८००० स.प.भइ वाकी रु ५२००० को प्रमाण पेश भएको।		
				६९	रेसुंगा विमानस्थल जग्गा अधिग्रहणमा रजिष्ट्रेशन कागजात पेश नभएको रु	१००००००।	प्रमाण पेश भएको।		
				७४	गोठ सुधारको कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रु	१२००००।	प्रमाण पेश भएको।		
				४४	गाडी भाडा वापत खर्च लेखेकोमा विवरण संलग्न नगरेकोले असुल गर्ने रु	१२०००।	प्रमाण पेश भएको।		
				४५	अनुगमन गरेको प्रमाण वेगर गाडी भाडा खर्च लेखेको रु	२४५००।	प्रमाण पेश भएको।		
				६४	५० लाख भन्दा वढीको भुक्तानीमा १.५ प्रतिशत कर कट्टा नगरेको रु	१५००००।	प्रमाण पेश भएको।		
				६६	नगरपालिकाको प्रशासकीय भवन निर्माण वापत तेस्रो रनिङ्ग विल भुक्तानी गर्द नापी किताव पेश नभएकोर रु	७४०२८४४।	प्रमाण पेश भएको।		
					विमा वापतको रकम रु १५०००।असुल गर्नु पर्ने रु	१५०००।	दाखिला भएको।		
				६७	४३ विद्यालयहरुलाई वढी भुक्तानी दिएको रु	११०६०९२।	दाखिला भएको।		
				३०	तालिमको रकम जम्मा नभएको प्रमाण नभएको	३०००००।	प्रमाण पेश भएको		
				३३	फोहोर व्यवस्थापनको रकम भुक्तानी गर्दा प्रमाणीकरण र जिन्सी आम्दानी अभिलेख नभएको रु	१३९३७५०।	नगर सभाको २०७६।३।१६ को वैठकले नियमित भएको ।		
				७७	जिन्सी दाखिला भरपाइ तथा अनुगमन प्रतिवेदन नभएको रु	१८२८६००।	प्रमाण पेश भएको।		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				४१	संझौता अनुसारको नर्मस वमोजिम इटाको गारो नभएको रु	४७३९९।	प्रमाण पेश भएको।	
				८४	क्वारेन्टाइनमा वसेकालाइ साँझ विहान खाना खुवाएको रकम दोहोरो परेको रु	२०७९००।	प्रमाण पेश भएको।	
					जम्मा	२३९७१५३९।६१		

ख) अद्यावधिक वेरुजु - यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ ।

(रु.हजारमा)

गत वर्ष सम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
३९६०३	२३९७२	१८६६३	०	३४२९५